**आकाशवाणी समाचार- नेपाली**

मितिः २६ मार्च २०२६

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- कांग्रेस पार्टीले आगामी पश्चिम बंगाल विधानसभा चुनावमा सबै २९४ सिटमा उम्मेदवारी दिने घोषणा गरेको छ।

- पश्चिम बंगाल विधानसभा चुनाव भन्दा पुर्व भारतीय जनता पार्टी (भाजपा) ले हिज कोलकातामा तृणमूल कांग्रेस सरकार बिरुद्ध विस्तृत आरोप पत्र जारी गरेको छ ।

- नेपालको नयाँ सरकारले बर्ष 1990 देखि 2026 सम्म सार्वजनिक पदहरुमा रहेका राजनीतिक नेताहरु अनि उच्च पदस्थ अधिकारिहरुको संपत्तिको जांच गर्न एक समितिको गठन गर्ने घोषणा गरेको छ ।

- सलेसियन कलेज सोनादामा दुई दिवसीय अन्तरराष्ट्रिय चिया सम्मेलन सम्पन्न भएको छ ।
- सोनादाको तारा बक्सिङ एकाडेमीका 13 बक्सिङ खेलाडीहरु राज्य स्तरीय बक्सिङ च्याम्पियनसिपमा भाग लिन कोलकाता प्रस्थान गरेका छन्।

**पश्चिम बंगाल - कांग्रेस चुनाव**

कांग्रेस पार्टीले आगामी पश्चिम बंगाल विधानसभा चुनावमा सबै २९४ सिटमा उम्मेदवारी दिने घोषणा गरेको छ। कांग्रेस नेता अधीर रञ्जन चौधरीले नयाँ दिल्लीमा मिडियालाई सम्बोधन गर्दै उक्त बयान दिनु भएको हो।

**भाजपा - आरोप पत्र**

पश्चिम बंगाल विधानसभा चुनाव 2026 भन्दा पुर्व भारतीय जनता पार्टी (भाजपा) ले हिज कोलकातामा तृणमूल कांग्रेस सरकार बिरुद्ध 40 पन्ने विस्तृत आरोप पत्र जारी गरेको छ । केंद्रीय गृह मंत्री अमित शाहले दस्तावेज जारी गर्दै यसलाई तृणमूल कांग्रेसको 15 बर्षको कुशासनको पूरा लेखा-जोखा रहेको दावी गर्नुभयो । भाजपाले यस आरोप पत्रलाई "तृणमूलको 15 बर्षको कुशासन अनि रक्तरंजित पश्चिम बंगालको अभिशप्त अध्याय" नाम दिएको छ । यसमा राज्यको सुरक्षा व्यवस्था, महिलाहरुको सुरक्षा, आर्थिक स्थिति, औद्योगिक विकासमा गिरावट अनि सामाजिक ढांचा कमजोर भएको जस्ता धेरै मुद्दाहरु उठाईएको छ । पश्चिम बंगाल अवैध घुसपैठको लागि सुरक्षित क्षेत्र बनेको आरोप पत्रमा दावी गरिएको छ । आरोप पत्रमा कोयला तस्करी, राशन वितरण घोटाला, स्कूल सेवा आयोग भर्ती विवाद, मनरेगा कार्यहरुमा कथित अनियमितता , लॉटरी घोटाला, मध्याह्न भोजन योजनामा गड़बड़ी, चिटफंड घोटाला , ग्रामीण सड़क योजनामा अनियमितता अनि सीमा क्षेत्रहरुमा पशु तस्करी जस्ता मम्लाहरुको उल्लेख गरिएको छ ।

**पीएम-मन की बात**

प्रधानमंत्री नरेन्द्र मोदीले आज बिहान 11 बजे आकाशवाणीबाट 'मन की बात' कार्यक्रममा देश-विदेशका मानिसहरुसित आफ्नो विचार साझा गर्नुहुनेछ । यो मासिक रेडियो कार्यक्रमको 132औ प्रकरण हुनेछ । कार्यक्रमको प्रसारण आकाशवाणी अनि दूरदर्शनको सबै नेटवर्क, एआईआर न्यूज़ वेबसाइट अनि न्यूज़ऑनएयर मोबाइल ऐपमा गरिनेछ । यसको सीधा प्रसारण एआईआर न्यूज़, डीडी न्यूज़, प्रधानमंत्री कार्यालय तथा सूचना अनि प्रसारण मंत्रालयको यूट्यूब चैनलहरुमा पनि हुनेछ । हिंदी प्रसारणको तुरन्तै पछि प्रादेशिक भाषाहरुमा पनि यो कार्यक्रम प्रसारित हुनेछ ।

**नेपाल - सुधार एजेंडा**

नेपालको नयाँ सरकारले बर्ष 1990 देखि 2026 सम्म सार्वजनिक पदहरुमा रहेका राजनीतिक नेताहरु अनि उच्च पदस्थ अधिकारिहरुको संपत्तिको जांच गर्न एक समितिको गठन गर्ने घोषणा गरेको छ। प्रधानमंत्री बलेंद्र शाहको नेतृत्वमा रहेको सरकारले हिज जारी गरेको 100 सूत्रीय शासन सुधार एजेंडामा भनिएको छ कि 15 दिनहरु भित्रमा एक शक्तिशाली संपत्ति जांच समितिको गठन गरिनेछ। यो निर्णय यस्तो समयमा आएको छ जब बिगत तीन दशकहरुमा सरकारको नेतृत्व गर्ने धेरै राजनेताहरुले भ्रष्टाचारको आरोपहरुको सामना गरिरहेका छन् अनि विभिन्न पक्ष् हरुको जांच निकाय बनाउने मांग बढिरहेको छ।

**पश्चिम बंगाल-एसआईआर न्यायाधीश**

पश्चिम बंगालको कूच बिहार जिल्लामा तृणमूल कांग्रेस जिला अध्यक्षले मतदाता सूचीको गहन पुनरीक्षण कार्य अंतर्गत थातीमा रहेको मामलाहरुको सूचीको समाधानमा सामेल दुई जना न्यायाधीशहरुलाई कथित धमकी दिएका छन्। उच्च न्यायालयका मुख्य न्यायाधीश सुजॉय पालले राज्य पुलिस महानिदेशकलाई यस मामलामा कार्रवाही गर्ने निर्देश दिनुभएको छ। जिला अध्यक्षको लेटरहेडमा एक पत्र पठाईएको थियो जसमा विचाराधीन नामहरुको समाधान माथि असन्तुष्टि व्यक्त गरिएको थियो अनि जिम्मेदार न्यायाधीशहरुलाई कथित रुपमा धमकी दिएको थियो। दुवै न्यायाधीशहरुले ईमेलको माध्यम द्वारा मुख्य न्यायाधीशलाई यस मामलाको जानकारी दिए। त्येस पछि मुख्य न्यायाधीशले राज्य पुलिसलाई आवश्यक कार्रवाही गर्ने निर्देश दिनुभयो।

**सोनाम लामा**

खरसाङ विधानसभा समष्टिको लागि भारतीय जनता पार्टीका उम्मेदवार सोनाम लामाले आफ्नो जीतप्रति आफु आशावादी रहेको बताएका छन्। उहाले हिज खरसाङमा पत्रकारहरुलाई सम्बोधन गर्दै आफु लामो समयदेखि सामाजिक र राजनीतिक क्षेत्रमा काम गर्दै आएको र सबैको साथ रहकाले आफ्नो जीतप्रति विश्वस्त रहेको बताउनुभयो। खरसाङ क्षेत्रमा पर्यटन पूर्वाधार विकासित गराउन र खरसाङलाई व्यवस्थित गराउन काम गर्ने उहाले बताउनुभयो। ट्राफिक व्यवस्थापनलाई लिएर पार्किङको समस्या समाधान गर्न काम गर्ने साथै यस विषयमा पाइलट प्रोजेक्ट तयार पारेर काम गर्ने योजना छ। खरसाङ क्षेत्रमा देखिएको पार्किङको समस्या समाधान गर्न र चालकहरुको पक्षमा काम गर्ने उहाले अझ बताउनुभयो। उहाले खरसाङ बजार लगायत मिरिक, सुकना पानिघट्टा, सिटोङ, सेवक, टिस्टाभेल्ली, तकदाह, पेशोक, मङ्पु लगायत विभिन्न स्थानहरुमा काम गर्ने योजना रहेको बताहुनुभायो। लामाले जनताका हरेक समस्या समाधानको लागि यसपाली बंगालमा परिवर्तन आवश्यक रहेको बताउँदै उत्तर बंगालबाट पाँचजना विधायकहरु निर्वाचित भएपछि सबै मिलेर जातीय मुद्दा पनि विधानसभामा उठाउने बताए।

**अन्तरराष्ट्रिय चिया सम्मेलन**

सलेसियन कलेज सोनादामा दुई दिवसीय अन्तरराष्ट्रिय चिया सम्मेलन आयोजन गरियो। सलेसियन कलेज सोनादा अनि सिलगढीको आयोजनामा साथै टी प्रमोटर्स इण्डिया अनि रिम्पोचा टी कर्पोरेसनको सहकार्यमा सम्मेलनको उद्धाटन गत शुक्रबार गरिएको थियो। टी प्रोमोटर्स इण्डियाका अध्यक्ष बिनोद मोहनले अध्यक्षता गर्नुभएको समारोहका मुख्य अतिथि बन्धन ग्रुपका संस्थापक अध्यक्ष चन्द्रशेखर घोष उपस्थित थिए। समारोहमा विशिष्ट अतिथिहरु सतीश मित्रुका (सीएलएलका अध्यक्ष तथा नर्बुङ चिया कम्पनीका प्रबन्ध निर्देशक), सुबोदिप रोय (आशा टी कम्पनीका अध्यक्ष), शिवकुमार सारिया (सोनागाची चिया उद्योगका प्रबन्ध निर्देशक), डा. सुबोर्नो बोस (आईआईएचएम, कोलकाताका संस्थापक अध्यक्ष), राजेश ब्यानर्जी (रिम्पोचा टी तथा टी क्लासिक दार्जीलिङ प्राइभेट लिमिटेडका अध्यक्ष) लगायत अन्य अतिथिहरु साथै वक्ताहरु उपस्थित थिए।

**किक् बक्सिङ**

सोनादाको तारा बक्सिङ एकाडेमीका 13 बक्सिङ खेलाडीहरु राज्य स्तरीय बक्सिङ च्याम्पियनसिपमा भाग लिन कोलकाता प्रस्थान गरेका छन्। केही समय अघि तारा बक्सिङ एकाडेमी सोनादाको आयोजनामा दार्जिलिङ जिल्ला स्तरीय बक्सिङ च्याम्पियनसिप सम्पन्न भएको थियो, जसमा तारा बक्सिङ एकाडेमीका नानीहरुले उत्कृष्ट प्रदर्शन गरेका थिए। कोलकाता प्रस्थान हुन लागेका बक्सिङ च्याम्पियनसिपमा भाग लिने नानीहरुलाई सोनादामा शुभकामना दिएर प्रस्थान गराइएको छ। ती जुनियर बक्सिङ खेलाडीहरुले 29 मार्चदेखि कोलकाताको कालीघाटमा शुरु हुने राज्य स्तरी बक्सिङ च्याम्पियनसिपमा भाग लिने

भएका छन्।तारा बक्सिङ एकेडेमी सोनादाका संस्थापक सुरेन्द्र तामाङ र कोच लामा जुनियर बक्सिङ खेलाडीहरुले 29 मार्चदेखि कोलकाताको कालीघाटमा शुरु हुने राज्य स्तरी बक्सिङ च्याम्पियनसिपमा भाग लिने बताए।

**दार्जिलिंग - पर्यटकको मृतु**

दार्जिलिंगको संदकफू क्षेत्रमा एकजना पर्यटकको मृतु भएको छ। पुलिसले बताए अनुसार कोलकाताबाट घुम्न आएका दुईजना पर्यटकहरु गत 24 मार्चमा संदकफू जानको लागि तंगलूमा बसेका थिए र त्यहि एक जनालाई मृत पाईयो।अत्यधिक ठण्डाको कारण हृदयघात भएको आशंका छ। शवलाई पोस्टमार्टमको लागि दार्जिलिंग अस्पताल पुर्यायो। पुलिसले घटनाको जांच गरिरहेको छ। गोरखालैंड प्रादेशिक प्रशासनका उपाध्यक्ष राजेश चौहानले जानकारी दिए अनुसार मृतकलाई पार्क स्ट्रीट, कोलकाता निवासी इमरान अलीको रूपमा चिन्हित गरिएको छ। इमरान अनि रोहित शेखर 26 मार्चमा मानेभंज्यांग पुगे पछि तंगलूमा बसेका थिए। खराब मौसमको कारण दुवैजना तंगलूमा बसेका थिए। जीटीए प्रशासनले शवलाई कोलकाता पठाउने व्यवस्था गरिरहेको छ।

**हुरी-बतास (घर क्षतिग्रस्त)**

सिलगढ़ी महकुमाको फाँसीदेवा ब्लकमा गत शुक्रवार अबेर राती आएको तीव्र हुरी-बतासले ठूलो छति पुर्याएको छ मात्र आधा घण्टाको हुरी-बतासले बिधान नगर क्षेत्रको बादलाकाटा, भरियाखाली, मधुपुर अनि मिनी ढाकपाड़ा गाउँलाई पूर्ण रूपले प्रभावित पार्‍यो। स्थानीय प्रशासन अनुसार यस प्राकृतिक आपदामा 100 भन्दा अधिक घरहरू क्षतिग्रस्त भएका छन्।

**मौसम**

मौसम विभागले आज जम्मू कश्मीर, लद्दाख, हरियाणा, चण्डीगढ, दिल्ली, हिमाचल प्रदेश, पञ्जाब र पश्चिमी राजस्थानमा असिना पर्ने चेतावनी जारी गरेको छ। विभागले बिहार, ओडिशा, तेलंगाना, उत्तराखण्ड र पश्चिमी मध्य प्रदेशमा बिजुली र तिब्र हावा चल्ने पूर्वानुमान गरेको छ।

****** ० ******